नेपाल सरकार

# गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१
फ्याक्स : ४२११५६३

पत्र संख्या :-०७६/०७७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ११८६

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति: २०७६/१०/२७

विषय: विवरण अध्यावधिक गर्ने सम्बन्धमा।

श्री महानगरपालिका सबै
श्री उप-महानगरपालिका सबै
श्री नगरपालिका सबै
श्री गाउँपालिका सबै।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा लगत अध्यावधिक नभएको एवं अनियमितता हुने गरेको भनी विभाग समक्ष गुनासो एवं उजुरी आउने गरेकोछ। उक्त भत्ता वितरणमा पारदर्शीता र विश्वसनीयता कायम गर्न सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १० मा प्रत्येक स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरूको फोटो सहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अध्यावधिक गरी वडा कार्यालयमा राख्नुपर्ने र सो विवरण विभागको एम. आई. एस. मा समेत प्रविष्टि गर्नुपर्ने व्यवस्था रहेकोले लाभग्राहीको फोटो एम. आई. एस. प्रणालीमा अपलोड गराउनुहुन अनुरोध छ। साथै सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई प्रभावकारी रूपले ब्यवस्थापन गर्ने सन्दर्भमा लाभग्राहीहरूको नामावली दोहोरो पर्न नदिने उदेश्यले प्रत्येक स्थानीय तहले मृत्यु भएका, बसाइँ सरी गएका र अन्य कारणले लगत कट्टा गर्नुपर्ने अवस्थाका लाभग्राहीहरूको एम.आई.यस. प्रणालीमा लगत कट्टा गरी लगत अध्यावधिक गर्नु गराउनुहुन समेत अनुरोध छ।

जितेन्द्र बस्नेत
महानिर्देशक

Email : info@nidmc.gov.np / URL: www.nidmc.gov.np